# महाकुलुङ गाउपालिका

## स्थानीय राजपत्र

**महाकुलुङ गाउपालिकाद्वारा प्रकाशित**

**खण्ड ४ संख्या ४ चैत्र १० गते २०७८ साल**

**भाग १**

**महाकुलुङ गाउपालिकाको सूचना**

गाउ सभावाट स्वीकृत मिति २०७८।३।०८

## महाकुलुङ वन ऐन, २०७८

<u>प्रस्तावना</u> :

महाकुलुङ गाउपालिकाको वन क्षेत्रमा आश्रित स्थानीय समुदायको वन व्यवस्थापन र त्यसबाट प्राप्त लाभको बाँडफाडमा प्रतिनिधित्व र पहुँचको अधिकार सुनिश्चित गर्न, वनको प्रवर्धन, संरक्षण र दिगो व्यवस्थापन र प्राप्त लाभको न्यायोचित वितरण र त्यसबाट स्थानीय समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा योगदान पुऱ्याउन तथा स्थानीयस्तरमा वन्यजन्तु, वातावरण, जलाधार तथा जैविक विविधताको संरक्षण र सम्बर्धन गर्न महाकुलुङमा वनको प्रवर्धन, विकास, संरक्षण, उपयोग र दिगो व्यवस्थापनका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले ,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम .महाकुलुङ गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "महाकुलुङ वन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) **"निजी वन"** भन्नाले व्यक्तीको स्वामित्वमा रहेको जमीनमा रहेको वन सम्झनु पर्छ ।

(ख) **"वन"** भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको जग्गा सम्झनुपर्छ र सो शब्दले सामुदायिक वन, धार्मिक वन, कृषि वन, वृक्षारोपण क्षेत्र सम्झनुपर्छ र सो शब्दले निजीवन समेतलाई जनाउँछ ।

(ग) **वन ऐन, २०७६ भन्नाले** संघीय वन ऐन, २०७६ सम्झनु पर्दछ ।

(घ) "वनपैदावार" भन्नाले देहायका वनपैदावार सम्झनु पर्छ:-

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली,

(२) रुख, पात, फल, फूल, महुवा , चिराइतो, कुटकी र सबै प्रकारका जङ्गली जडीबूटी, बनस्पती तथा तीनका विभिन्न भाग वा अंश,

(३) चट्टान, माटो, ढुङ्गा,गिट्टी,वा लुवा वा , वा पशुपन्छी, वन्यजन्तु र वन्यजन्तुको आखेटोपहार ।

(ङ) **"वनक्षेत्र" भन्नाले** निजी स्वामित्वमा रहेको वन वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको, वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नांङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(च) "विपन्न वर्ग" भन्नाले आर्थिक, सामाजिक, भौतिक, मानवीय र प्राकृतिक स्रोत साधनमा पहुंच तथा नियन्त्रणको आधारमा पछाडि परेका वा पारिएका उपभोक्ताहरू सम्झनु पर्दछ ।

(छ) **"सामुदायिक वन"** भन्नाले सामुहीक हीतको लागि वनको विकास, संरक्षण र उपयोग गर्न वन ऐन, २०७६ बमोजिम सामुदायिक वन उपभोक्ता समूहलाइ हस्तान्तरण भएको राष्ट्रिय वन सम्झनु पर्छ ।

(ज) **"स्थानीय समुदाय"** भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको र वनक्षेत्रमा आश्रित गाउपालिका क्षेत्रका समुदाय सम्झनुपर्छ र सो शब्दले वन क्षेत्रबाट लाभान्वित आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक, विपन्नको समेतलाई जनाउँछ ।

(झ) **"सामुदायिक वन उपभोक्ता समूह"** भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोग चलनका लागि वन ऐन, २०७६ बमोजिम गठन हुने वन उपभोक्ता समुहलाई सम्झनु पर्छ ।

(ञ) **"स्थानीय वन"** भन्नाले महाकुलुङ गाउपालिका क्षेत्रमा रहेको देहायको वन सम्झनुपर्छ र सो शब्दले वन ऐन, २०७६ बमोजिम सामुदायिक वनको रुपमा स्थानीय सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण भएको वन समेतलाई जनाउने छः

(१) नेपाल सरकारको स्वीकृति लिई नदी वा खोला किनार (नदी उकास क्षेत्र) वा बगर क्षेत्रमा वा सार्वजनिक जग्गामा गाउपालिका आफैले वा गाउपालिकाबाट अनुमति प्राप्त गरी कुनै व्यक्ति, संस्था वा स्थानीय समूहले वृक्षारोपण गरी विकास गरेको वन,

(२) गाउपालिका क्षेत्रमा गाउपालिका आफैले वा गाउपालिकाको सहजिकरणमा स्थानीय समुदाय वा वासिन्दाले विकास गरेको शहरी वन,

(३) रुख वा बुट्यान नभएको पर्ति वा ऐलानी जग्गामा गाउपालिकाले वृक्षारोपण गरी विकास गरेको वन ।

(ट) **"स्थानीय वन उपभोक्ता समूह"** भन्नाले दफा २५ बमोजिम गठन हुने स्थानीय वन उपभोक्ता समूह सम्झनुपर्छ ।

(ठ) **"वातावरणीय सेवा"** भन्नाले वन संरक्षण गरेर पानीका मूहान संरक्षण वा स्वच्छ पानी, स्वच्छ हावा वाट पाईने सेवा साथै कार्वन सन्चिति सम्झनु पर्छ ।

(ड) "संघ" भन्नाले दफा ३२ बमोजिम गठीत गाउपालिका सामुदायिक वन उपभोक्ता संघ सम्झनुपर्छ ।

(ढ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**(ण) "गाउपालिका "** भन्नाले महाकुलुङ गाउ पालिकालाई सम्म्झनु पर्छ ।

**(त) "गाउ कार्यपालिका "** भन्नाले महाकुलुङ गाउ कार्यपालिकालाई सम्म्झनु पर्छ ।

## परिच्छेद - २

## स्थानीय वनको प्रवर्धन, संरक्षण तथा व्यवस्थापन

३. **स्थानीय वन प्रवर्धन तथा विकास गर्ने:** (१) गाउपालिकाले स्थानीय वन प्रवर्धन र विकास गर्न प्रोत्साहन गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउपालिकाले आवश्यक नीति तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नेछ ।

(३) गाउपालिकाले स्थानीय वन प्रवर्धन र विकास गर्न कुनै व्यक्ति, गैरसरकारी वा सामुदायिक संस्था वा सहकारी संस्थासँग तोकिए बमोजिम सहकार्य गर्न सक्नेछ ।

(४) गाउपालिकाले स्थानीय वनलाई वातावरण संरक्षण, स्थानीय हरियाली, शहरी सौन्दर्य तथा आय आर्जन वा रोजगारीको माध्यमको रुपमा विकास गर्नु पर्नेछ ।

(५) यस ऐन बमोजिम प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन गरिएको स्थानीय वन राष्ट्रिय वनको अभिन्न अङ्ग हुनेछ ।

४. **ऐलानी वा पर्ति जग्गामा वन विकास गर्ने:** (१) गाउपालिकाले नेपाल सरकारको स्वकिृति लिई रुख वा बुट्यान नभएको गाउपालिका क्षेत्रमा रहेको ऐलानी वा पर्ति जग्गामा वृक्षारोपण गरी वा गराई वन विकास गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन विकास गर्दा वा गराउँदा गाउपालिका आफैले वा दफा २५ बमोजिम गठन हुने स्थानीय वन उपभोक्ता समूह मार्फत वन विकास गर्नेछ ।

(३) उपदफा (१) बमोजिम विकास गरिएको वनबाट प्राप्त भएको वन पैदावारमा गाउपालिकाले विकास गरेको भए गाउ पालिकाको र स्थानीय वन उपभोक्ता समूहले विकास गरेको भए सम्बन्धित स्थानीय उपभोक्ता समूहको अधिकार हुनेछ ।

५. <u>सार्वजनिक जग्गामा वन प्रवर्धन र विकास गर्ने:</u> (१) वन ऐन, २०७६ को अधीनमा रही गाउपालिकाले वातावरण संरक्षण, सार्वजनिक हित वा सुविधा विचार गरी गाउपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गामा वनको प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउपालिका आफैले वा स्थानीय वन उपभोक्ता समूह वा स्थानीय समुदायसँग सहकार्य गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहकार्य गर्दा गाउपालिकाले सम्बन्धित समूह वा समुदायका प्रतिधिनिसँग तोकिए बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(४) गाउपालिकाले यस दफा बमोजिम प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन गरेको वनबाट प्राप्त वन पैदावारमा गाउपालिकाको अधिकार हुनेछ र त्यस्तो पैदावारको गाउपालिकाले उपयोग र बिक्री वितरण गर्नसक्नेछ ।

तर उपदफा (३) बमोजिम सम्झौता गरी वनको प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन गरेको वनबाट प्राप्त वन पैदावारमा तोकिए बमोजिमको अनुपातमा गाउपालिका र स्थानीय वन उपभोक्ता समूह वा स्थानीय समुदायको अधिकार हुनेछ ।

६. <u>गाउपालिकास्तरिय वनको प्रवर्धन, विकास तथा व्यवस्थापन:</u> (१) गाउपालिकाले **गाउपालिकास्तरिय** वनको प्रवर्धन, विकास वा संरक्षण गर्ने उद्देश्यले देहायका क्षेत्र वा त्यसको आसपासमा वृक्षारोपण गर्न, वन प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन गर्न प्रोत्साहन गर्नेछः

(क) गाउपालिका क्षेत्रको मानव वस्ती क्षेत्र,

(ख) गाउपालिका क्षेत्र वा गाउपालिका अन्य क्षेत्रमा रहेका सार्वजनिक सडकको आसपास,

(ग) सार्वजनिक पार्क,

(घ) सार्वजनिक कुलो, वा नहर,

(ङ) तोकिएको अन्य क्षेत्र

(२) उपदफा (१) को प्रयोजनका लागि गाउपालिका आफैले वा कुनै वन उपभोक्ता समूह, गैरसरकारी संस्था वा कुनै व्यक्तिसँग सम्झौता गरी साझेदारीमा वन प्रवर्धन, विकास, संरक्षण वा व्यवस्थापन गर्न सक्नेछ ।

(३) यस उपदफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउपालिकाले गाउ क्षेत्र भित्र कुनै भौतिक संरचना वा भवन निर्माणका लागि नक्सा पारित गर्दा तोकिएको क्षेत्रफल भन्दा बढी क्षेत्रफल भएको जमीनमा कुनै भवन वा भौतिक संरचना निर्माण गर्दाको बखत तोकिए बमोजिम वृक्षारोपण गरी रुख हुर्काउनुपर्ने गरी शर्त तोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम शर्त तोकिएकोमा त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित भवन वा संरचना व्यक्तिको कर्तव्य हुनेछ ।

(५) उपदफा (३) को प्रावधान कार्यान्वयनका लागि गाउपालिकाले भवन वा भौतिक संरचना निर्माण सम्पन्न प्रमाण-पत्र जारी गर्नुअघि वृक्षरोपण गरी रुख हुर्काउन आवश्यक वृक्षारोपण भए वा नभएको अनुगमन गर्नुपर्नेछ ।

(६) गाउपालिकाले यस दफा बमोजिम वृक्षारोपण गर्ने विरुवाको प्रजाति र किसिम निर्धारण गरी सिफारिस गर्न सक्नेछ र त्यस्तो विरुवा भौतिक संरचनामैत्री हुनुपर्नेछ ।

(७) ग्रामिण वन प्रवर्धन, विकास तथा व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **हक वा स्वामीत्व प्राप्त नहुने:** (१) दफा ४, ५ वा ६ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउपालिकाको अनुमति लिई

स्थानीय वन उपभोक्ता समूह, गैरसरकारी संस्था, स्थानीय समुदाय वा कुनै व्यक्तिले ऐलानी, पर्ति वा सार्वजनिक जग्गामा वृक्षारोपण गरी वन विकास गरेको कारणले मात्र त्यस्तो जग्गामा स्थानीय वन उपभोक्ता समूह, संस्था वा समूह वा त्यसका कुनै सदस्य वा त्यस्तो व्यक्तिको कुनै किसिमको हक, स्वामीत्व वा मोहियानी हक प्राप्त हुने छैन ।

(२) उपदफा (१) मा उल्लिखित जग्गा यस ऐनको प्रतिकूल हुने गरी दान, वकस वा धितोबन्धक दिन वा स्थानीय वन उपभोक्ता समूह, गैरकारी संस्था वा समुदाय, सदस्यहरु, त्यस्तो व्यक्ति वा निजका हकवालाहरु बीच अंश भागवण्डा लाग्ने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय उपभोक्ता समूहले त्यस्तो जग्गामा उत्पादन गर्ने वा गरेको वन पैदावारलाई धितो बन्धक राखी ऋण लिन वा वन पैदावार विक्री गर्न वाधा पुऱ्याएको मानिने छैन ।

८. **भोगचलन र उपयोगको अधिकार प्राप्त गर्नेः** (१) यस ऐन बमोजिम प्रवर्धन, संरक्षण वा व्यवस्थापन गरेको स्थानीय वनको विकास, दिगो वन व्यवस्थापन र उपयोग गर्ने अधिकार सम्बन्धित गाउपालिका, स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूह वा सम्बन्धित व्यक्तिलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम विकास र व्यवस्थापन गरिएको वनबाट लाभ प्राप्त गर्ने अधिकार गाउपालिका, स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूह वा सम्बन्धित व्यक्तिलाई हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रवर्धन, विकास वा व्यवस्थापन भएको स्थानीय वन क्षेत्र स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूहलाई करार गरी गाउपालिकाले दिएको भएता पनि त्यस्तो समुदाय वा समूहको मञ्जुरी बिना त्यस्तो वन वा अन्य कुनै प्रयोजनको लागि गाउपालिकाले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन सक्ने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको वन क्षेत्रमा व्यापक सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा

असर नपर्ने गरी स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूहसँग परामर्श गरी गाउपालिकाले अन्य सार्वजनिक प्रयोगमा ल्याउने उपदफा (३) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।

(५) गाउपालिकाले उपदफा (३) बमोजिम अन्य प्रयोजनको लागि स्थानीय वन प्रयोगमा ल्याउँदा सम्बन्धित समुदाय वा समूहलाई कुनै हानि नोक्सानी भएमा त्यसबाट पर्न गएको आर्थिक, भौतिक, जैविक विविधताको क्षति मूल्यांकन गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

९. **स्थानीय समुदायको सहमति लिनुपर्ने:** (१) गाउपालिकाले स्थानीय समुदाय वा स्थानयि वन उपभोक्ता समूहको व्यवस्थापनमा रहेको स्थानीय वनको सम्बन्धमा देहायका कुनै निर्णय गर्नुअघि स्थानीय समुदाय वा स्थानीय वन उपभोक्ता समूहको सहमति लिनु पर्नेछ ।

(क) स्थानीय वनलाई वनको रूपमा नै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै व्यापक सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) यस ऐन बमोजिम स्थानीय समुदायसँग सम्झौता गरी विकास गरेको वन क्षेत्रमा कुनै काम गर्दा,

(२) उपदफा (१) बमोजिम स्थानीय समुदाय वा स्थानीय उपभोक्ता समूहबाट सहमति प्राप्त नगरी स्थानीय वनमा कुनै काम कारबाही गरेको कारणले त्यस्तो समुदायलाई कुनै किसिमको हानि नोक्सानी भएमा गाउपालिकाले मनासिव क्षतिपूर्ति उपलब्ध गराउने छ ।

१०. **सहभागिता तथा प्रतिनिधित्व:** (१) स्थानीय वनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक भए यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी निजहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित हुने गरी स्थानीय स्तरमा स्थानीय नीति, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायसँग परामर्श गरी निजहरुलाई सहभागी गराउनुपर्ने छ ।

(२) समुदायमा आधारित वनको स्थानीय उपभोक्ता समिति गठन गर्दा उपलब्ध भएसम्म आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार गाउपालिकाले सम्मान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिनिधित्व गराउदा समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्णायक तह (पदाधिकारी) मा सबै समुदायका महिलाको प्रतिनिधित्व हुने गरी कम्तिमा पचास प्रतिशत स्थान महिलाको प्रतिनिधित्वको लागि सुनिश्चित गराउनुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता सुनिश्चित गर्दा स्थानीय समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहित प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने छ ।

(५) वन ऐन, २०७६ तथा सो अन्तर्गत बनेको नियमावलीको अधीनमा रही सामुदायिक वनको साधारण सभा आयोजना गर्दा सम्पूर्ण वन उपभोक्ता र विशेषगरी विपन्न, महिला तथा दलित उपभोक्ताहरूको सक्रिय सहभागिता सुनिश्चित हुने गरी साधारण सभामा कम्तिमा पनि पचास प्रतिशत विपन्न, महिला, दलितहरूको सहभागिता हुने वातावरण सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले तयार गर्नु पर्नेछ ।

(६) नगरपालिकाले यस दफा बमोजिम समावेशी प्रतिनिधित्व सुनिश्चित भए वा नभएको प्रत्येक वर्ष तोकिए बमोजिम अनुगमन गर्नुपर्नेछ र सुनिश्चित नभएको पाइएमा सुनिश्चित गर्न सम्बन्धित वन उपभोक्ता समूहलाई निर्देशन दिनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

## परिच्छेद ३

## सामुदायिक वनको अनुगमन

११. **सामुदायिक वनमा उपभोक्ताको अधिकारः** (१) वन ऐन, २०७६ तथा त्यस अन्तर्गत बनेको नियमको अधिनमा रही सो ऐन अन्तर्गत सामुहिक हितका लागि वनको प्रवर्धन, संरक्षण, व्यवस्थापन र उपयोग गर्न गठन भएको सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनमा देहाय अधिकारहरू प्राप्त गर्नेछः

(क) स्थानीय समुदायका सदस्यको भेला गराई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, संम्वद्धन र उपयोग गर्नका लागि सामुदायिक वन उपभोक्ता समूह गठन गर्ने,

(ख) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान, वनपैदावारहरू संरक्षण र उपभोग गर्ने ।

(ग) सामुदायिक वनबाट प्राप्त वन पैदावार मध्ये समूहका सदस्यहरुको आधारभूत आवश्यकता पूरा गरी बढी भएका वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(घ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभप्राप्त गर्ने,

(ङ) वनक्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण र व्यवस्थापन गर्ने,

(च) सामुदायिक वनको दिगो व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने तथा कार्यविधि वनाई काम गर्ने,

(छ) वन ऐन, २०७६ तथा सो ऐन अन्तर्गत वनेको नियमावलीको अधीनमा रही सामुदायिक वनको दिगो व्यवस्थापनको लागि आवश्यक कार्य योजना वनाई लागू गर्ने वा गराउने,

(ज) सामुदायिक वन व्यवस्थापन र त्यस सम्बन्धी अन्य कार्यहरूबाट प्राप्त हुने वन पैदावार र अन्य लाभ र त्यस्तो लाभ सामुदायिक वनको

विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित, अपांग, अल्पसंख्यकका आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायको क्षमता विकास, युवा तथा बालबालिकाको स्थान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाड र प्रयोग गर्ने ।

तर, उपभोक्ता समूहको निर्णयले त्यस्तो लाभ सामुदायिक वन व्यवस्थापन समूहहरू, स्थानीय समुदाय, आदिवासी जनजातिहरु, सामुदायिक वन उपभोक्ताको संस्थागत क्षमता अभिबृद्धिमा प्रयोग गर्न सकिनेछ ।

(झ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नीति र निर्देशनको अधीनमा रही सामुदायिक वन व्यवस्थापनका लागि अन्य आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) सामुदायिक वनबाट प्राप्त वन पैदावारको शुल्क निर्धारण गरी असुल उपर गर्ने, शुल्क छुट वा मिनाहा दिने,

(ट) सामुदायिक वनको भौगोलीक बनौट, भिरालोपन र माटोको किसिम अनुसार सामुदायिक वन कार्ययोजना बमोजिम वन सम्वर्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वनविकास र संरक्षण गर्ने,

(ठ) कार्वन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवा बाट लाभप्राप्त गर्ने ।

(२) सामुदायिक वन उपभोक्ता समूहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदानलिन सक्नेछ ।

(३) सामुदायिक वन उपभोक्ता समुहले वनमा आधारित उद्योग र व्यवसायको सञ्चालनका लागि बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी वा

नराखी ऋण लिई दिगो सामुदायिक वनको व्यवस्थापन र वन उद्यम विकास गर्न सक्नेछ ।

१२. **सामुदायिक वन उपभोक्ता समुहका सदस्यको अधिकार:** (१) वन ऐन, २०७६ को अधिनमा रही स्थानीय सामुदायिक वन उपभोक्ता समूहका सदस्यले सामुदायिक वनमा देहायका अधिकार प्रयोग गर्न सक्नेछः

(क) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वन पैदावारको वन ऐन, २०७६ तथा सम्झौता बमोजिम लाभ प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समूहमा सहभागी हुने र नेतृत्व लिने तथा निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा न्यायोचित रुपमा प्राप्त गर्ने,

(ङ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने उपभोक्तालाई निजले सामुदायिक वन संरक्षण, प्रवर्धन र व्यवस्थापनमा पुऱ्याउने योगदान र वनबाट प्राप्त लाभको आधारमा देहायका अधिकार प्राप्त गर्न सक्नेछः

(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा खरिद गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ न्यायोचित ढंगबाट तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

(३) उपदफा (१) वा (२) मा लेखिएका अधिकारका अतिरिक्त स्थानीय परिवेश अनुसार कुनै बिशिष्ट अधिकार कुनै बिशेष समुदाय वा समूहलाई दिनुपर्ने देखिएमा

सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाबाट त्यस्तो अधिकारको सूचि तयार गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचीमा उल्लिखित अधिकारका सम्बन्धमा सम्बन्धित गाउपालिका र डिभिजन वन कार्यालयलाई लिखित जानकारी दिनुपर्नेछ ।

१३. **सामुदायिक वन उपभोक्ता समूहको जिम्मेवारी:** (१) वन ऐन, २०७६ तथा सो अन्तर्गत वनेको नियमावली, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वा निर्देशिकाको अधीनमा रही स्थानीय सामुदायिक वनलाई वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने जिम्मेवारी सामुदायिक वन उपभोक्ता समुहको हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने जिम्मेवारी सामुदायिक वन उपभोक्ता समुहको हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्ण वा अधिकतम ( व्यक्तिगत, घरधुरी, सामुहिक, समानुपातिक समावेशी) रूपमा सहभागिता गराउने जिम्मेवारी सामुदायिक वन उपभोक्ता समुहको हुनेछ ।

(४) सामुदायिक वन श्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्ने सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

१४ **सामुदायिक वनको व्यवस्थापन:** (१) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वन श्रोतको प्रभावकारी रूपमा कार्यान्वयन गरी त्यसको व्यवस्थापन बनाई गाउपालिकामा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) स्थानीय समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वनश्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समुहको साधारण सभा र साधारणसभाले कार्य समितिलाई समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने जिम्मेवारी सामुदायिक वन उपभोक्ता समुहको हुनेछ ।

(३) सामुदायिक वन उपभोक्ता समूहले दिगो वन व्यवस्थापन गरी वन पैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्नुपर्ने छ ।

(४) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वन क्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, सम्बृद्धि वृक्षरोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्तवन सम्बधर्न प्रणाली (एक्ल्याउने, बाक्लो वनपत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्य) कार्यान्वयन गरी सामुदायिक संबद्धन गर्नुपर्नेछ ।

(५) सामुदायिक वन उपभोक्ता समूहले यस ऐन बमोजिम स्थानीय सामुदायिक वनको व्यवस्थापन तथा उपयोग गर्दा स्थानीय समुदाय तथा आदिवासी जनजाति समुदायको परपम्परागत ज्ञान, सीप, अभ्यास आदिको संरक्षण गर्नुपर्नेछ ।

(६) सामुदायिक वन उपभोक्ता समूहले स्थानीय सामुदायिक वनको प्रवर्धन, संरक्षण र व्यवस्थापन गर्दा जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय वा आदिवासी जनजाति समुदायको सामूहिक रुपमा रहेको परम्पारागत ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण तथा संरक्षण गर्नुपर्ने छ ।

(७) कार्यपालिकाले उपदफा (६) बमोजिम परम्परागत ज्ञान, सीप, अभ्यासलाई संरक्षण र जीवन्तता दिँदै भावी पुस्तामा हस्तान्तण गर्नका लागि सम्वन्धित परम्परागत संस्था वा स्थानीय समुदाय संगको सहकार्यमा विशेष योजना बनाई कार्यन्वयन गर्नुपर्नेछ ।

१५. **<u>सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाडः</u>** वन ऐन, २०७६ तथा सो अन्तर्गत बनेको नियमावली र वन डिभिजन कार्यालयसँग भएको सम्झौतामा अन्यथा भएकोमा बाहेक सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा बिक्रीवितरणबाट प्राप्त लाभको बाँडफाँड सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाबाट देहाय बमोजिम बाँडफाँड गर्नुपर्नेछः

(क) विपन्नवर्ग र महिलाको विकासमा ४० प्रतिशत

(ख) ऐनको दफा २२ बमोजिमको कोषमा १० प्रतिशत

(ग) सामाजिक विकास र वन विकासमा ५० प्रतिशत

१६. **सामुदायिक वन फिर्ता गर्दा गाउपालिकाको सिफारिस आवश्यक हुने:** (१) वन ऐन, २०७६ बमोजिम हस्तान्तरण भई समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वन क्षेत्रको उपयोगको अधिकार फिर्ता गर्दा गाउपालिकाको सिफारिस बमोजिम गर्नुपर्नेछ ।

तर, देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समुहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न वा नगराउन गाउपालिकाले पहिलोपटक आवश्यक निर्देशन दिने वा त्यस सम्वन्धमा आवश्यक कारबाही गर्न सक्नेछ:

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समुहले वन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वा स्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) वन ऐन, २०७६, त्यस अन्तर्गत वनेको नियमावली वा यस ऐन विपरित कार्य गरेमा ।

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउदा वा आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा अन्य कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समुहको विधान, कार्ययोजना र समुदायको हितबिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समुहको विधान, नियम वा आचरण संहिता बमोजिम कारबाही गर्न सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीले वन ऐन, २०७६ तथा यो ऐन विपरित कार्य गरेमा वा

डिभिजन वन कार्यालयसँग भएको सम्झौता विपरित कार्य गरेमा उदफा (२) बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो वन फिर्ता गर्न सकिनेछ ।

१७. **सामुदायिक वनको अनुगमनः** (१) वन ऐन, २०७६ को अधीनमा रही गाउपालिका क्षेत्रको प्रत्येक वर्ष तोकिएको अवधिभित्र सामुदायिक वनको अनुगमन गाउपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा वन ऐन, २०७६ तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा गाउपालिकाले देहायका विषयको अनुगमन गर्नुपर्नेछः

(क) सामुदायिक वन उपभोक्ता समूहले सम्झौता गरी प्राप्त गरेको स्थानीय सामुदायिक वनको वन ऐन, २०७६ वा सम्झौताका शर्त पालन गरे वा नगरेको,

(ख) स्थानीय सामुदायिक वनको प्रवर्धन, संरक्षण, व्यवस्थापन र दीगो उपयोगका लागि आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गरे वा नगरेको,

(ग) स्थानीय सामुदायिक वनबाट वन पैदावार प्राप्त गर्दा स्थानीय वनको उल्लेख्य क्षति पुर्‍याएको वा नपुर्‍याएको,

(घ) स्थानीय सामुदायिक वनबाट प्राप्त लाभ वन ऐन, २०७६ तथा यस ऐन बमोजिम न्यायोचित रुपमा सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरु बीच बाँडफाँड गरे वा नगरेको ।

(४) गाउपालिकाले यस दफा बमोजिम अनुगमन गर्दा गाउपालिकाका पदाधिकारी दफा ४३ बमोजिमको समितिका सदस्य, सम्बन्धित क्षेत्रको विशेषज्ञ, गाउपालिकाका कर्मचारी आवश्यकता अनुसार सम्बन्धित सामुदायिक वनको स्थलगत भ्रमण गर्न सक्नेछन् ।

(५) गाउपालिकाले यस दफा बमोजिम सामुदायिक वनको अनुगमन गर्दा सम्बन्धित वन उपभोक्ता समूहका पदाधिकारीबाट आवश्यक कागजात, लिखत, खाता, विद्युतीय अभिलेख माग गर्नसक्नेछ ।

(६) उपदफा (५) बमोजिम माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित वन उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

(७) गाउपालिकाले उपदफा (१) बमोजिम गरेको अनुगमनको प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी प्रदेश सरकार र डिभिजन वन कार्यालयमा अनुगमन सम्पन्न गरेको पैतालिस दिनभित्र पेश गर्नुपर्नेछ ।

## परिच्छेद- ३

## स्थानीय वनमा आधारित स्थानीय उद्योग तथा रोजागरी

१८. **वनमा आधारित उद्यम विकासः** (१) स्थानीय समुदाय वा सामुदायिक वन उपभोक्ता समुह वा गाउपालिका आफैले स्थानीय वनबाट प्राप्त वन पैदावारमा आधारित उद्योग सञ्चालन गरी व्यवसायिक रूपमा उत्पादन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुसुकै कुरा लेखिएको भए तापनि गाउपालिका क्षेत्रमा रहेको निजी वनबाट पनि उपदफा (१) बमोजिमको उद्योग सञ्चालन गर्न सकिने छ ।

(३) उपदफा (१) वा (२) बमोजिम वनमा आधारित उद्योगले स्थानीय वन वा निजी वन क्षेत्रको काठजन्य, पानीजन्य वा गैर काठजन्य, जडिबुटीजन्य, वन्यजन्तुको पालन लगायत अन्य वन पैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रि बितरण गर्न सक्नेछन् ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको वनमा कसैलाई उद्योग संचालन गर्नको लागि अनुमति दिँदा प्रतिस्पर्धात्मक आधारमा स्थानीय समुदायका सदस्यले प्रत्यक्ष रूपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम उद्यम संचालन गर्नको लागि कुनै व्यक्ति छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई प्राथमिकता दिनु पर्नेछ ।

(६) गाउपालिकाले वन उद्यम विकासमा परम्परागत ज्ञान सीपलाई प्राथामिकता दिई परम्परागत संस्था र सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन समुदायको प्राविधिक, व्यवस्थापकीय र संस्थागत क्षमता विकासमा प्राथमिकता दिनुपर्नेछ ।

(७) स्थानीय समुदाय र आदिवासी जनजाति समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उद्यम विकास सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासलाई आधुनिक प्रविधिसंग संयोजन गरी उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्न गाउपालिकाले आवश्यक नीतिगत, संरचनागत वा प्रक्रियागत उपाय अवलम्बन गर्नेछ ।

(८) यस दफा बमोजिम वन पैदाबारमा आधारित उद्यम विकास गर्दा गाउक्षेत्रमा बसोबास गर्ने विपन्न व्यक्तिलाई आयमुलक उद्यम विकास कायर्क्रममा आकर्षण गराई आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ

१९. **प्राविधिक प्रशिक्षण उपलब्ध गराउने:** (१) गाउपालिकाले गाउ क्षेत्र भित्रका स्थानीय वन उपभोक्ता समूह वा सामुदायिक वन उपभोक्ता समूहका सदस्यको परिवारका सदस्य वा स्थानीय वन प्रवर्धन, विकास तथा संरक्षणमा संलग्न व्यक्तिका परिवारका सदस्यलाई वृक्षारोपण, नदी वा खोला बगरमा वन संरक्षण वा व्यवस्थापन वा वनमा आधारित उद्योग सञ्चालन सम्बन्धी विभिन्न किसिमका प्रशिक्षण उपलब्ध गराउने व्यवस्था गराउने छ ।

(२) उपदफा (१) बमोजिम प्रशिक्षण गराउँदा तोकिएको रकम भन्दा वार्षिक कम रकम आय आर्जन गर्ने विपन्न परिवारका सदस्यलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

२०. **रोजगारी विकास गर्ने:** (१) गाउपालिकाले स्थानीय वनको विकास गर्दा वा वनपैदावारमा आधारित उद्यम सञ्चालन गर्दा स्थानीय वन उपभोक्ता समूह वा सामुदायिक वन उपभोक्ता समूहका सदस्य वा निजको परिवारका सदस्यलाई रोजगारी सिर्जना हुनेगरी आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रममा अन्य कुराको अतिरिक्त तोकिए बमोजिम भन्दा बढी रोजागारी दिने वनमा आधारित उद्योगलाई गाउपालिकाले तोकिए बमोजिमको अनुदान रकम दिने व्यवस्था उल्लेख भएको हुनुपर्नेछ ।

२१. <u>वन क्षेत्रमा फलफूल वा तरकारी खेती गराउनसक्ने:</u> (१) गाउपालिकाले नेपाल सरकारको स्वीकृति लिई नदी, खोलाको किनार (नदी उकास क्षेत्र) वा वगर क्षेत्रमा वृक्षारोपण गरी वन प्रवर्धन, विकास तथा संरक्षण गर्दा वृक्षारोपण भएको विरुवा वा रुखलाई प्रतिकूल असर नपर्ने गरी क्विवी, खरबुजा, स्ट्रवेरी, भूईस्याउ, कन्दमूल वा त्यस्तै प्रकृतिका अन्य मौसमी फलफूल वा अल्पकालीन समयमा नै उत्पादन दिनसक्ने वा विभिन्न किसिमका तरकारी, साग, सब्जी वा जडिबुटी उत्पादन गर्न स्थानीय समुदायलाई प्रोत्साहन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम फलफूल वा तरकारी खेती गराउन प्रोत्साहन गर्दा सम्बन्धित स्थानीय समुदायका सदस्य वा स्थानीय वन उपभोक्ता समूहसँग तोकिएका शर्त पालना गर्ने गरी प्रत्येक वर्ष गाउपालिकाले सम्झौता गर्नु पर्नेछ ।

(३) गाउपालिकाले यस दफा बमोजिम सम्झौता गरी फलफूल वा तरकारी खेती गर्ने स्थानीय समुदायका सदस्य वा स्थानीय वन उपभोक्ता समूहलाई आवश्यक प्राविधिक ज्ञान र पहिलो वर्षका लागि आवश्यक वीउ वा बेर्ना वापत तोकिए बमोजिमको रकम अनुदान उपलब्ध गराउने छ ।

(४) गाउपालिकाले यस दफा बमोजिम स्थानीय समुदायका सदस्य वा स्थानीय वन उपभोक्ता समूहले उत्पादन गरी विक्री गरेको फलफूल वा तरकारीको विवरण राख्ने छ र फलफूल वा तरकारी उत्पादन गर्ने स्थानीय समुदायका प्रत्येक सदस्य वा स्थानीय वन उपभोक्ता समूहले वार्षिक रुपमा तोकिए बमोजिमको रकम बुझाउनुपर्ने छ ।

## परिच्छेद ४

## <u>स्थानीय वनको नियमन</u>

(५) उपदफा (४) बमोजिम संरक्षण गर्दा गाउ कार्यपालिकाले संघीय वा प्रदेश कानुन वा त्यस अन्तर्गतका मापदण्डको अधीनमा रही कार्यविधि बनाई स्थानीय समुदाय मार्फत गाउपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नुपर्ने छ ।

(६) गाउ क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित गाउ कार्यपालिका हुनेछ ।

२४. <u>स्थानीय वन उपभोक्ता समूहको दर्ताः</u> (१) स्थानीय समुदायले यस ऐन बमोजिम प्रयोग गर्ने अधिकार व्यवहारमा कार्यान्वयन गर्न स्थानीय वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित गाउ कार्यपालिका समक्ष निवेदन पेश गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको निवेदन पेश भएमा गाउ कार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचिकृत भएका समूहलाई गाउ पालिकाले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिए भए तापनि वन ऐन, २०७६ अनुसार दर्ता भएका सामुदायीक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, यो ऐन प्रारम्भ भएको एक बर्ष भित्र गाउ पालिकामा सूचिकृत हुन निवेदन दिनुपर्नेछ ।

२५. <u>स्थानीय वन उपभोक्ता समूह संगठित संस्था रहने</u> : (१) स्थानीय वन उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन् ।

(२) स्थानीय वन उपभोक्ता समूहको छुट्टै छाप हुनेछ ।

(३) स्थानीय उपभोक्ता समूहको आफ्नौ टाँचा हुनेछ ।

(४) स्थानीय वन उपभोक्ता समूहले व्यक्ति सरह चलअचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ ।

(५) स्थानीय वन उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ ।

(६) स्थानीय वन उपभोक्ता समूहले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न र दायित्व निर्वाह गर्नसक्ने छ ।

२६. **स्थानीय वन उपभोक्ता समूहको कोष :** (१) स्थानीय वन उपभोक्ता समूहको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा हुनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउपालिकाबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्य रकम,

(ग) वनपैदावार (जैविकविविधता) को विक्रिवितरण वाट प्रप्त रकम,

(घ) उद्योग तथा पर्यापर्यटन सन्चालनवाट प्राप्त रकम,

(ङ) उपभोक्ता समूहले विधान बमोजिम गरेको जरिवानाबाट प्राप्त रकम,

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषबाट उपभोक्ता समूहको तर्फबाट गरिने सम्पूर्ण खर्च व्यहोरिने छ ।

(३) कोष संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **प्रतिवेदन दिनुपर्नेः** (१) सामुदायीक वन उपभोक्ता समूह, स्थानीय वन उपभोक्ता समुह, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु समूले प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको दुई महिना भित्र तोकिएं बमोजिम आर्थिक

विवरण तथा सामुदायिक वन वा स्थानीय वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक प्रतिवेदन गाउपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ६

## निजी वन

२८. **निजी वन दर्ता**: (१) आफ्नो निजी स्वामीत्वको जग्गामा वनको प्रवर्धन, विकास, संरक्षण, उपयोग र  व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गर्ने गरी बिक्री वितरण गर्ने प्रयोजनका लागि गाउपालिका क्षेत्रका निजी वन दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित तोकिए बमोजिमको ढाँचामा गाउकार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएमा गाउ कार्यपालिकाले तोकिए बमोजिम जाँचबुझ गरी निजी वन दर्ता गर्न उपयुक्त हुने देखिएमा वन ऐन, २०७६ को प्रतिकूल नहुने गरी निजी वन दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दर्ता प्रमाण पत्र दिनेछ ।

२९. **वनलाई प्राविधिक सहयोग उपलब्ध गराउने**: दफा २९ बमोजिम दर्ता भएको निजी वनलाई सम्बन्धित वनधनीको अनुरोध बमोजिम गाउपालिकाले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

३०. **निजी वन पैदावार जग्गाधनीले प्राप्त गर्ने**: (१) निजी वनमा उत्पादित वन पैदाबार तथा काठ, विरुवा वा गैरकाष्ठ वन पैदावारमा निजी वन धनीको स्वामीत्व र हक हुनेछ ।

(२) निजी वनधनीले निजी वन क्षेत्र भित्रको काठ कटानी र ओसारपोसार स्थानीय सरकारवाट अनुमती लिई नेपालभित्रका कुनै पनि भागमा लगी विक्रि वितरण गर्न सक्नेछ ।

तर तोकिए बमोजिमका रुख कटान गर्न गाउपालिकाको अनुमति लिनुपर्नेछ ।

(३) निजी वनधनीले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा गाउपालिकाले त्यस्तो धनीलाई तोकिए बमोजिम अनुमती-पत्र दिनेछ ।

(४) निजी वनमा परिक्षण गरिएका विरुवाहरु र छिटो छरितो हुर्कने विरुवाहरु वृक्षारोपण गर्न गाउपालिकाले प्रोत्साहन गर्नेछ ।

## परिच्छेद - ५

## गाउस्तरिय वन महासंघ सम्बन्धी व्यवस्था

३१. **संघ गठन गर्ने:** (१) गाउपालिका क्षेत्र भित्र कार्यरत कम्तिमा तीन सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधिको उपस्थितिमा त्यस्ता समूहले चाहेमा गाउपालिका सामुदायिक वन उपभोक्ता संघ गठन हुनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संघको दर्ता तथा सञ्चालन र त्यसको विधान तोकिए बमोजिम हुनेछ ।

३२. **संघको काम, कर्तव्य र अधिकार:** (१) संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक वनहरुको संरक्षण तथा सम्बर्द्धनमा सहयोग गर्ने,

ख) सामुदायिक वन उपभोक्ता समूहहरुको विभिन्न गतिविधिको समन्वय तथा सुधार गर्नको लागि गाउ कार्यपालिकामा पेश गर्ने,

(ग) सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा सुधारको लागि आवश्यक कार्ययोजना, नीति तथा योजना तयार गरी स्वीकृतिको लागि नगरपालिकामा पेश गर्ने ।

(घ) वातावरण तथा जैविक विविधताको संरक्षण, भूक्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणको माध्यमबाट सामुदायिक बन विकास सम्बन्धी वार्षिक, आवधिक तथा दीर्घकालीन कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्ने ।

(ङ) सामुदायिक वनको संरक्षणको लागि गस्ती परिचालनको व्यवस्था मिलाउने ।

(च) तोकिए बमोजिमको अन्य काम गर्ने वा गराउने ।

## परिच्छेद-७

## प्रतिकूल आचरण र जरिवाना

३३. **वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने:** (१) कुनै व्यक्ति, स्थानीय वन उपभोक्ता समुह, सामुदायिक वन उपभोक्ता समूह वा अन्य कसैले यस ऐन विपरित हुनेगरी स्थानीय वन उपभोक्ता वा सामुदायिक वन उपभोक्ता समुहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन ।

३४. **जरिवाना:** देहायको काम गर्ने वा गराउने व्यक्तिलाई त्यस्तो कामको मात्रा र परिणाम हेरी गाउ कार्यपालिकाले देहाय बमोजिम जरिवाना गर्नेछः-

(क) दफा ७ को उपदफा (७) बमोजिमको निर्देशन पालना नगरेमा ।

(ख) दफा ८, १० वा ११ बमोजिमको अधिकारबाट कसैलाई बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने ।

(ग) दफा १७ को उपदफा (५) बमोजिमको विवरण उपलब्ध नगराएमा,

(घ) दफा २३ को उपदफा (२) बमोजिम कसैले स्थानीय वन दर्ता नगरी सञ्चालन वा व्यवस्थापन गरेमा,

(ङ) दफा २७ बमोजिम गाउपालिकामा प्रतिवेदन दाखिला नगरेमा,

(च) दफा २८ बमोजिम दर्ता नगराई निजी वन सञ्चालन र व्यवस्थापन गरेमा,

(छ) दफा ३४ बमोजिम प्रतिकूल प्रभाव परेमा ।

३५. **मुद्दा हेर्ने अधिकार:** (१) यस ऐन अन्तर्गत गर्न नहुने काम गरेकोले मुद्दा गर्नुपर्ने कारण परेको मितिले छ महिना भित्रमा मर्का पर्ने पक्षले गाउपालिकाको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम उजुर गरेकोमा न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा तोकिए बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

३६. **क्षतिपूर्ति भराउन सक्ने:** (१) यस ऐन विपरित कुनै काम गरेको कारणबाट कसैलाई हानी नोक्सानी भएमा सम्बन्धित व्यक्ति वा वन उपभोक्ता समूहले उचित क्षतिपुर्तिका लागि उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी यस ऐन बमोजिम वन अधिकार हनन भए वा नभएको र त्यस्तो समूह वा व्यक्तिलाई हानि नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समूह वा व्यक्तिलाई भराउन सक्नेछ ।

## परिच्छेद - ८

## विविध

३७. **सूचिकृत हुनुपर्ने:** (१) कसैले सामुदायिक वन क्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुचभन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादित बस्तु वा वनपैदावा र निकासी पैठारी गर्ने र त्यसबाट लाभ प्राप्त गर्न चाहने उपभोक्ता समूहले प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी गाउपालिकामा सूचिकृत गर्नु पर्नेछ ।

(२) सामुदायिक वन समुहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी स्थानीयस्तरका संस्थामार्फत स:मिल वा वन पैदावारमा आधारित अन्य उद्यमहरु दफा बमोजिम दर्ता गराई सञ्चालन सक्नेछन् ।

३८. **अधिकार प्रत्यायोजन:** गाउकार्यपालिकाले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार कुनै अधिकार अध्यक्ष, उपाध्यक्ष,प्रमुख प्रशासकिय अधिकृत वा तोकिए बमोजिम कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९. **असल नियतले गरेको कामको बचाउ** : स्थानीय वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी वा गाउपालिकाको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफ्नो कर्तव्य पालन गर्दा असलनियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

४०. **मानव र वन्यजन्तुको द्वन्द्व व्यवस्थापन, क्षतीपूर्ति र राहतको व्यवस्थाः** (१) मानव वन्यजन्तु बिचको द्वन्द व्यवस्थापन गर्न गाउपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहजिकरण गर्ने छ ।

(२) मानव वन्यजन्तु द्वन्दबाट जन,धन वालीनाली तथा पशु धन, पंक्षी आदिमा हानी नोक्सानी भएमा त्यस बापत राहत र क्षतीपूर्तीको व्यवस्थाका लागि गाउपालिका स्तरमा राहतकोष स्थापना गर्नसक्ने छ ।

(३) उपदफा (२) बमोजिमको राहत कोषको परिचालन गर्न तथा पिडीतहरुलाई राहत तथा क्षतीपूर्ती वितरणका लागि आबश्यक मापदण्ड र आधार तोकिए बमोजिम हुनेछ ।

४१. **गाउस्तरिय वन परीषदः** (१) यो ऐनको कार्यान्वयन तथा स्थानीय वन प्रवर्धन, विकास, संरक्षण र व्यवस्थापन सम्बन्धी नीतिगत सिफारीस गर्न एक गाउपालिका स्तरीय वन परीषद रहनेछ ।

(२) गाउपालिका स्तरीय वन परीषदको गठन तथा त्यसको काम, कर्तव्य र अधिकार तथा कार्य सम्पादन विधि तोकिए बमोजिम हुनेछ ।

४२. **अनुगमन समितिः** (१) गाउपालिका अन्तर्गत गठित स्थानीय वन उपभोक्ता समूह वा सामुदायिक वन उपभोक्ता समूहको क्षेत्राधिकार अन्तर्गत भए गरेका समग्र कार्यहरुको अनुगमन गर्न कानुन बमोजिम एक गाउ स्तरीय अनुगमन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४५. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि गाउ कार्यपालिकाले आवश्यक नियम,कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।